# प्रेस विज्ञप्ति

कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६ को उपदफा (४) बमोजिम साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई बहाल रहेका कर्मचारीहरुलाई निजहरुको हालको तहमा नै समायोजनको पत्र दिनुपर्नेमा कतिपय स्थानीय तहहरुले अध्यादेशको दफा ७ (सरकारी सेवाका कर्मचारी समायोजन गर्ने) को व्यवस्था अनुसार तह वृद्धि वा ग्रेड वृद्धि समेत गरी समायोजनको पत्र दिएको पाइएको छ । अध्यादेशको दफा ७ को उपदफा (४) को तह वृद्धि वा ग्रेड वृद्धि सम्बन्धी व्यवस्था सरकारी सेवाका (निजामति सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका- संसद सचिवालय सम्वन्धी ऐन, २०६४ बमोजिम नियुक्त) कर्मचारीहरुका लागि मात्र लागु हुने भएकोले साविक स्थानीय निकायका कर्मचारीहरुलाई समायोजको पत्र दिदा गरिएको तह वृद्धि वा ग्रेड थप अध्यादेशको प्रतिकुल हुने हुँदा त्यस्ता कर्मचारीहरुलाई तह वृद्धि वा ग्रेड थप नगरी हाल कार्यरत पद (तह) मा नै समायोजनको पत्र मात्र दिने व्यवस्था हुन अनुरोध गरी सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुलाई पत्राचार गरिसकिएको छ र सो को बोधार्थ सबै स्थानीय तहका प्रमुखज्यूहरुलाई समेत दिइएको छ ।

अध्यादेशको दफा २३ मा प्रदेश वा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारी (साविकका स्थानीय निकायबाट स्थायी नियुक्ति पाई हाल स्थानीय तहमा कार्यरत कर्मचारी वा प्रदेश वा स्थानीय तहमा सेवा हस्तान्तरण भएका समिति, आयोग, प्रतिष्ठान वा यस्तै प्रकृतिका संगठित संस्थाका स्थायी कर्मचारी) र साविकमा तहगत रुपमा रही समान तहमा प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका सरकारी सेवाका कर्मचारीहरुको हकमा निजहरुको नियुक्ति, शैक्षिक योग्यता र सेवा अवधिको आधारमा मापदण्ड बनाई प्रोत्साहन सुविधाको व्यवस्था गर्न सकिने व्यवस्था रहेको समेत जानकारी गराईन्छ ।

कर्मचारी समायोजन सम्वन्धमा विभिन्न सरोकारवालाहरुवाट प्राप्त हुन आएका जिज्ञासाहरुको समाधानार्थ संशोधित FAQ यस मन्त्रालयको वेव साइट www.mofaga.gov.np मा राखिएको व्यहोरा समेत सम्वन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो विज्ञप्ति जारी गरिएको छ ।

२०७५/०३/०४

(अनिता निरौला)

उप सचिव